आज मिति २०८०/१२/२१ गते बुधबारका दिन यस जिरी नगरकार्यपालिकाको १०० औं बैठक नगर प्रमुख श्री मित्र बहादुर जिरेलज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बसी निम्न विषयहरूमा छलफल गरी देहाय बमोजिमको निम्न निर्णय गरियो ।

**तपसिल**

| क्र स | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | मित्र बहादुर जिरेल | नगर-प्रमुख | |
| २ | कृष्णमाया बुढाथोकी | नगर उप-प्रमुख | |
| ३ | आङ पासाङ शेर्पा | वडा अध्यक्ष १ नं. वडा | |
| ४ | डिमपल्दे शेर्पा | वडा अध्यक्ष २ नं. वडा | |
| ५ | खेटराज घिमिरे | वडा अध्यक्ष ३ नं. वडा | |
| ६ | पदेमान जिरेल | वडा अध्यक्ष ४ नं. वडा | |
| ७ | नर बहादुर जिरेल | वडा अध्यक्ष ५ नं. वडा | |
| ८ | मरिज बहादुर खड्का | वडा अध्यक्ष ६ नं. वडा | |
| ९ | शान्त नेपाली | वडा अध्यक्ष ७ नं. वडा | |
| १० | कृष्ण कुमार खत्री | वडा अध्यक्ष ८ नं. वडा | |
| ११ | ज्ञानु पाखीन | वडा अध्यक्ष ९ नं. वडा | |
| १२ | डिमुलु शेर्पा | नगरकार्यपालिका सदस्य | |
| १३ | शान्ती कार्की | नगरकार्यपालिका सदस्य | |
| १४ | रोम कुमारी समाल जिरेल | नगरकार्यपालिका सदस्य | |
| १५ | कल्पना जिरेल | नगरकार्यपालिका सदस्य | |
| १६ | सुसा जिरेल | नगरकार्यपालिका सदस्य | |
| १७ | विर बहादुर जिरेल | नगरकार्यपालिका सदस्य | |
| १८ | साङ्गे शेर्पा | नगरकार्यपालिका सदस्य | |
| १९ | पुरुषोत्तम सापकोटा | सदस्य सचिव | |

CamScanner

## १८ औं नगर कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं. १** जिरी नगर कार्यपालिकाको १७ औं बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्था बारे बैठकमा जानकारी गराई समीक्षा गरियो ।

**निर्णय नं. २** जिरी नगरपालिकाले लिएको Clean, Green, Organic जिरी को दीर्घकालिन नीतिलाई कार्यान्वयनमा ले जान के कस्ता कार्यक्रम कार्यान्वयन कार्यविधि तयार गर्ने भूमि व्यवसायिक कन्सल्टेन्सी प्रा.लि.का विज्ञ परामर्शदाता लिई क्षेत्रीय परामर्शदाता सहयोगमा मस्यौदा गर्ने र उक्त रणनीतिक योजना तर्जुमा तयार गर्न चालु आ.व.मा स्वीकृत सेवा परामर्श शीर्षकबाट रु १,००,०००।- (एक लाख मात्र) खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** जिल्ला समन्वय समितिबाट नियमित रुपमा आयोजना हुने समन्वय बैठक मिति २०८०।१२।२३ गते यस नगरपालिकाको व्यवस्थापनमा सबैको सहयोगमा सम्पन्न गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४** यस नगरपालिकाको चालु आ.व.को दोस्रो चौमासिक अवधिको आय व्ययको विवरण प्रमुख प्रशासकीय अधिकृतबाट बैठकमा पेश भई छलफल गरियो । साथै चा.लु.आ.व.को स्वीकृत कार्यक्रम समयमानै सम्पन्न गर्न सबै पक्षबाट सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५** यस नगरपालिकाको दोस्रो चौमासिक अवधिको सार्वजनिक सुनुवाई कार्यक्रम यहि मिति २०८१।०१।१४ गते बिहान ११:०० बजे जिरी नगरपालिका वडा नं. ६ मानेडाँडा पार्कमा आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६** यस नगरपालिकाबाट आव्हान भए बमोजिम पेश भएका नगरगान र लोगो मध्ये छनौट समितिको सिफारिस बमोजिम देहायको रचनाकार तथा डिजायनकारको नगरगान र लोगो स्वीकृत गर्ने निर्णय गरियो । साथै नगरगान एवं लोगो तयार गरी पेश गर्ने रचनाकार र डिजायनरहरुलाई धन्यवाद दिने निर्णय गरियो ।

**क) नगरगान रचनाकार (राजकुमार दाहाल, बैत्यश्वर-३, पिर्प, दोलखा)**
**ख) लोगो डिजायनर (क्रियटिभ स्टुडियो, चरिकोट, दोलखा)**

**निर्णय नं. ७** यस नगरपालिका वडा नं.७ खाँवा क्षेत्रको फोहोर व्यवस्थापन सोहि क्षेत्रमा व्यवस्थापन गर्नको लागि आवश्यक सामग्री व्यवस्थापनको लागि खाँवा फोहोर व्यवस्थापन समिति जिरी-७ समितिलाई रु३०,०००।– (तीस हजार) फोहोर व्यवस्थापन शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ८** यहि २०८१ बैशाख देखि २०८१ असाढ मसान्त सम्म यस नगरपालिकाको सूचना, सन्देश, जानकारी प्रशारण गर्न दोलखा जिल्लाका एफ एम रेडियोहरुलाई प्रति एफ एम रु. ३००००।–(तीस हजार) बराबरको रकम भुक्तानी हुने गरी सम्झौता गरी सूचना प्रकाशन/प्रशारण गराउने निर्णय गरियो ।

**निर्णय नं. ९** नेपाल पर्यटन बोर्ड र पर्यटन पत्रकारहरुबाट यस जिरी नगरपालिकाको पर्यटकीय क्षेत्रहरुको प्रर्वधनको लागि आउनु भएका पाहुनाहरुको खाना एवम् बासखर्च बापतको रु२९४००।–(उनन्तिस हजार चार सय) सम्बन्धित होटललाई भुक्तानी दिने निर्णय गरियो ।

CS CamScanner

**निर्णय नं. १०** यस नगरपालिका पर्यटकीय एवम् आगीनेक नगरको उच्च संभावना रहेको हुँदा नेपाल सरकार वन तथा वातावरण मन्त्रालय समक्ष यस नगरपालिकामा देहायका कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्न अनुरोध गर्ने निर्णय गरियो।

**१) नेपाल जलवायु नमूना कार्यक्रम**

**२) जिरीखोला शौदर्यकरण एवम् संरक्षण कार्यक्रम**

**निर्णय नं. ११** यस नगरपालिका क्षेत्र भित्र यहि २०८१ बैशाख १ गते देखि लागु हुने गरी देहाय बमोजिम कार्य गरेमा देहाय बमोजिम जरिवाना गर्ने र यस्ता गतिविधि नियन्त्रण गर्नका लागि यस्ता गतिविधि गर्नेलाई कानूनी दायरामा ल्याउन इलाका प्रहरी कार्यालय जिरीलाई अनुरोध गर्ने र त्यस्तो नियमन कार्यबाट प्राप्त जरीवानाको २५ प्रतिशत रकम प्रोत्साहन स्वरुप सम्बन्धित प्रहरी/नगर प्रहरीलाई उपलब्ध गराउने निर्णय गरियो।

क) खोला तथा सार्वजनिक स्थलमा फोहोर फालेमा पहिलो पटकको लागि रु. ५०००।–
ख) सोही व्यक्तिले क बमोजिमको कार्य दोस्रो पटक फोहोर फालेमा रु. १०,०००।–
ग) खोलामा करेन्टलगाई वा विषहाली माछा मारेमा पहिलो पटकको लागि रु. ५०००।–
घ) सोही व्यक्तिले ग बमोजिमको कार्य दोस्रो पटक गरेमा रु. १०,०००।–

**निर्णय नं. १२** मालपोत कार्यालय दोलखाको अनुरोध बमोजिम गाडी मर्मत गर्नको लागि सवारी साधन मर्मत शीर्षकबाट रु. ५०,०००।–(पचास हजार) उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. १३** देहायका व्यक्तिहरुलाई सम्बन्धित वडा कार्यालयको सिफारिस बमोजिम अन्य आर्थिक सहायता शीर्षकबाट आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

**तपशिल**

१. विष्णु घिमिरे (ना.प्र.न.) जिरी-२, दोलखा रकम रु१०,०००।–

**निर्णय नं. १४** यस जिरी नगरपालिका वडा न १,२,३,४ लगायतका क्षेत्रहरुमा विद्युत लाईन (तार पोल) लगायतका समस्या समाधानका सम्बन्धमा सम्बन्धित वडा अध्यक्ष, कार्यपालिका सदस्य, जलविद्युत आयोजना/कम्पनिका प्रतिनिधि, नेपाल विद्युत प्राधिकरणका प्रमुख समेतको सहभागितामा छलफल कार्यक्रम आयोजना गर्ने निर्णय गरियो।

CamScanner